मितिः २०८०/१०/१९
समयः बिहान ८:०० बजे

आज मिति २०८० साल माघ महिनाको १९ गते शुक्रबारका दिन यस गोकर्णेश्वर नगरपालिकाका नगर प्रमुख श्री दिपक कुमार रिसालज्यूको अध्यक्षतामा गोकर्णेश्वर नगर कार्यपालिकाको बिसौं बैठक देहाय बमोजिमका सदस्यहरुको उपस्थितिमा बस्यो ।

उपस्थितिः

| क्र.सं. | पद | नामथर | कार्यपालिका पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | नगर प्रमुख | श्री दिपक कुमार रिसाल | अध्यक्ष | |
| २. | नगर उप-प्रमुख | श्री सान्नानी लामा | सदस्य | |
| ३. | वडा अध्यक्ष वडा नं. १ | श्री द्वारिका श्रेष्ठ | सदस्य | |
| ४. | वडा अध्यक्ष वडा नं. २ | श्री मधु तामाङ | सदस्य | |
| ५. | वडा अध्यक्ष वडा नं. ३ | श्री मुरारी प्रसाद कुइकेल | सदस्य | |
| ६. | वडा अध्यक्ष वडा नं. ४ | श्री जयराम महत | सदस्य | |
| ७. | वडा अध्यक्ष वडा नं. ५ | श्री नारायण बहादुर सुवेदी | सदस्य | |
| ८. | वडा अध्यक्ष वडा नं. ६ | श्री नवराज लामा | सदस्य | |
| ९. | वडा अध्यक्ष वडा नं. ७<br>नि. व. अध्यक्ष | श्री केशव गुरुङ<br>श्री दिपक दाहाल | सदस्य | |
| १०. | वडा अध्यक्ष वडा नं. ८ | श्री नन्दलाल श्रेष्ठ | सदस्य | |
| ११. | वडा अध्यक्ष वडा नं. ९ | श्री राजिब थापा | सदस्य | |
| १२. | कार्यपालिका सदस्य | सुश्री लक्ष्मी भण्डारी | सदस्य | |
| १३. | कार्यपालिका सदस्य | श्री सोविता मिजार | सदस्य | |
| १४. | कार्यपालिका सदस्य | श्री गौरी माया श्रेष्ठ | सदस्य | |

| | | | | |
|---|---|---|---|---|
| १५. | कार्यपालिका सदस्य | श्री माया तामाङ | सदस्य | |
| १६. | कार्यपालिका सदस्य | श्री सिता दर्जी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य | श्री पासाङ वाङ्चु शेर्पा (ह्योल्मो) | सदस्य | |
| १८. | कार्यपालिका सदस्य | श्री देवी माया लिम्बु | सदस्य | |
| १९. | कार्यपालिका सदस्य | श्री हरिबहादुर वि.क. | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत | श्री टेकराज पन्थी | सचिव | |

आमन्त्रित उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | उपसचिव, अधिकृतस्तर दशौं श्री डण्डपाणी शर्मा | |
| २. | योजना, अनुगमन शाखा | अधिकृत आठौं, मिनराज कोइराला | |
| ३. | आ.प्र.शाखा प्रमुख | लेखा अधिकृत, अधिकृतस्तर सातौं श्री रामजी रायमाझी | |
| ४. | स्वास्थ शाखा प्रमुख | अधिकृत स्तर सातौं श्री हरी प्रसाद उपाध्याय | |
| ५. | राजस्व शाखा | अधिकृत स्तर सातौं नारायण पुरी | |
| ६. | प्रशासन शाखा प्रमुख | अधिकृत छैटौं श्री भूपेन्द्र बोहरा | |
| ७. | सूचना प्रविधि शाखा | अधिकृत छैटौं श्री कुन्ता श्रेष्ठ | |
| ८. | प्रशासन शाखा | प्रा.स. रामबाबु बस्नेत | |
| ९. | प्रशासन शाखा | कम्प्युटर सहायक चौथो, मालती भण्डारी | |

## गोकर्णेश्वर नगरपालिकाको मिति २०८०/१०/१९ गतेको बिसौं कार्यपालिका बैठकको निर्णय

निर्णय नं १: यस नगरपालिकामा स्थायी बसोबास गरी भाषा,संस्कृती र साहित्य क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने श्रष्टाहरुलाई स-सम्मान पुरस्कृत गर्ने नगरपालिकाको नीति अनुरुप सिफारिस समितिबाट सिफारिस हुनु भएका गो.न.पा.-१ निवासी प्रा.डा. ऋषिराम पोखरेलज्यू र गो.न.पा. निवासी श्री कञ्चन पुडासैनीज्यूलाई जनही रु. १,००,०००/-/रु.१,००,०००/- नगद सहित स-सम्मान "गोकर्णेश्वर साहित्य पुरस्कार" प्रदान गर्ने निर्णय गरियो र यस कार्यक्रमका लागि चालु आ.ब. को नगरस्तरीय चालू तर्फको साहित्यिक कार्यक्रम शिर्षकबाट रु.३,५०,०००/- खर्च लेख्ने समेत निर्णय गरियो ।

निर्णय नं २: यस नगरपालिका क्षेत्र भित्र गाडी, ठेला गाढा तथा साईकल तथा सडक पेटीमा राखी व्यापार व्यावसाय गर्ने, सार्वजनिक आवगमनमा अवरोध पुऱ्याउने जस्ता गतिबिधिलाई पूर्ण रुपमा निषेध गर्ने र सो का लागि नौ वटै वडा कार्यालयलाई १५ दिने सूचना प्रकाशन गर्न परिपत्र गर्ने निर्णय गरियो

निर्णय नं ३: यस नगरपालिकाको गोकर्णेश्वर नगरअस्पताल भवन निर्माणको लागि मिति २०८०/११/१० गते नेपाल सरकारका स्वास्थ्य तथा जनसंख्या मन्त्रिज्यूबाट शिलन्यास गर्न मा. मन्त्रीज्यूलाई अनुरोध गरी आमन्त्रण गर्ने निर्णय गरियो ।

निर्णय नं ४: यस नगरपालिकाको चालु आ.ब.०८०/०८१ को नगरप्रमुख कार्यक्रमबाट खर्च लेखिने गरी देहाय बमोजिमका योजना तथा कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो ।

देहायः

| क्र.स. | योजना तथा कार्यक्रम | बजेट | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. ३ तारेभिरमा नवनिर्मित टिकट काउण्टरमा खानेपानी र शौचालय निर्माण | ९,००,०००/- | |
| २ | वडा नं.१ राष्ट्रिय निकुञ्ज कार्यालय परिसर निर्माण तथा सौन्दर्यीकरण | ९,००,०००/- | |
| ३ | वडा नं.८ शेर्पा सेवा समाज गोकर्णेश्वर ~~एघार हाते शेर्पा सीकि~~ शेर्पा सेलो नृत्य कार्यक्रम र सो कार्यक्रमको लागि आवश्यक सामाग्री | १,००,०००/- | |
| ४ | विसडम फाउन्डेशनमा रहेका विरामीहरुलाई खाद्यान्न कार्यक्रम | १,००,०००/- | |

*गोकर्णेश्वर नगरपालिकाको मिति २०८०/१०/१९ गतेको बिसौं कार्यपालिका बैठकको निर्णय*

निर्णय नं ५: यस नगरपालिका वडा नं.१ स्थित श्री बाघद्वार आधारभूत बिद्यालयमा अध्ययनरत बिद्यार्थीको लागि खाना बनाउन र सरसफाई गर्न श्री सन्दिपा तामाङ लाई परिचर पदमा चालु आ.ब.को श्रावण महिना देखी लागु हुने गरि मासिक ७,०००/-अक्षरुपी सात हजारका दरले र बाह्र महिनाको सेवा सुविधा चालू आ.ब. को नगरस्तरीय संस्थागत अनुदान वडा नं.१ बाघद्वार आधारभूत बिद्यालय सचालन व्यवस्थापन शिर्षकबाट खर्च लेखिने गरी उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.६: सडक वोर्ड नेपाल, मिन भवन काठमाडौंबाट चालू आ.ब.०८०/८१ मा स्थानीय सडक मर्मतका लागि यस नगरपालिकालाई रु.६१,००,०००/- विनियोजन भएको व्यहोरा सडक वोर्ड नेपालको मिति २०८०/०८/०१ प.स.०८०/८१ च.नं.४६७ को पत्रबाट लेखि आएको हुनाले सडक बोर्ड नियमावली, २०६० को परिच्छेद (३) नियम(९) बमोजिम यस कार्यालयले व्यहोर्नु पर्ने समपुरक कोष यस कार्यालयको बार्षिक कार्यक्रममा समावेश एवं स्वीकृत गरी देहाय बमोजिमका सडक मर्मत सम्भारका योजनाहरु संचालनका गर्ने सहमतीका लाग सडक वोर्ड नेपालमा योजना तथा कार्यक्रम पठाउने निर्णय गरियो ।

देहायः

| क.स. | वडा नं. | योजना तथा कार्यक्रम | लागत अनुमान बजेट |
|---|---|---|---|
| १ | ३ | काठेपुलदेखि तारेभिर सम्म सडक मर्मत | रु.१६,९४,६४३/०३ |
| २ | ३ | बासुको घरदेखि ढुङ्गेडिल तारेभिर सम्म सडक मर्मत | रु.१९,०१,११९/७९ |
| ३ | ५ | ईष्टपोल स्कुलदेखि बागमती करिडोर सम्म सडक मर्मत | रु.२१,४९,९२३/४३ |
| ४ | ८,९ | आरुबारी चोक देखि मेडिकल कलेज चोक सम्म सडक मर्मत | रु.२१,४७,१५६/६० |
| ५ | ९ | आरुबारी चोक देखि हातेमालो मार्ग जाने सडक मर्मत | रु.१०,५३,१०१/३० |

गोकर्णेश्वर नगरपालिकाको मिति २०८०/१०/१९ गतेको बिसौं कार्यपालिका बैठकको निर्णय

निर्णय नं ७: यसमा आ.वं. २०८०/०८१ को लागि बालुवा, माटो लिई गुड्ने सवारी साधनहरुबाट निकासी शुल्क दस्तुर संकलनको आन्तरिक ठेक्का सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना पहिलो पटक मिति २०८०/०२/२४, दोस्रो पटक मिति २०८०/०३/२७, तेस्रो पटक मिति२०८०/०४/२२ र चौयो पटक मिति २०८०/०५/२७ मा समेत राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरेकोमा कुनै पनि बोलपत्र दर्ता हुन नआएकोले मिति २०८०/०८/०२मा बागमती प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयमा शुल्क दस्तुर संकलन सम्वन्धि राय माग गर्दा तहाँ मन्त्रालयको च.नं.६८८ मिति २०८०/१०/१८ गते प्राप्त राय अनुसार प्रादेशिक कानुन हाल सम्म नबनेको र प्रचलित संघीय तथा स्थानिय कानुन अनुसार गर्न/गराउनुहुन भनि सचिवस्तरीय निर्णयबाट राय प्राप्त भएको र पुनः ठेक्का प्रकृयामा जाँदा समय अप्रयाप्त हुने देखिएको एवं तत्काल शुल्क दस्तुर संकलनको कार्य नगर्दा चोरी निकासी भैरहेको जनगुनासो समेत आएकोले कार्यालयबाट पाँच जना मासिक रु.२०,०००/- पाउने गरी डोर हाजिरमा लगाई नगरपालिका आफैले अमानतमा वालुवा, माटो लिई गुड्ने सवारी साधनहरुबाट आ.ब.०८०/८१ को आर्थिक ऐन,२०८० मा तोकिएको दर रेटमा शुल्क दस्तुर संकलनको कार्य गर्न देहाय बमोजिम गर्ने गरी निर्णय गरियो ।

देहायः

१. यस नगरपालिकाबाट यस भन्दा अगाडी छपाईएका नगदी रसिद भन्दा भिन्न ढाँचामा नगदी रसिद छपाउने।
२. उक्त नगदी रसिदको रसिद नं. ०१ बाट सुरु गरी ५०/५० प्रति ठेली छपाई गर्ने, कार्बोन पेपेर प्रति राख्ने।
३. उक्त रसिदमा दररेट उल्लेख गर्ने ।
४. उक्त रसिद छपाईको जिम्मा जिन्सी उप शाखाबाट गरी आवश्यकता अनुसार राजश्व उपशाखाबाट लगत राख्ने।
५. राजश्व शाखाबाट कर संकलनका लागि जिम्मेवारी तोकिएका कर्मचारीहरुलाई रसिद बुझाउनेको विवरण राख्ने।
६. राजश्व संकलकका लागि माथी उल्लेखित सेवा सुविधा दिने गरी २०८१ साल असार मसान्त सम्मका लागि डोर हाजिरीमा तपसिलका व्यक्तिहरुलाई राख्नेः
   क) सरोज श्रेषठ ( गोकर्णेश्वर ऩ.पा. ४, काठमाडौं)
   ख) रविन श्रेष्ट ( गोकर्णेश्वर न.पा. ४, काठमाडौं)
   ग) श्यामकृष्ण श्रेष्ठ (गोकर्णेश्वर न.पा. ४, काठमाडौं)
   घ) सुरेस श्रेष्ठ (गोकर्णेश्वर न.पा. ४, काठमाडौं )
   ङ) अनिल श्रेष्ठ (गो.न.पा. ४, काठमाठौं)
७. उक्त कार्यको अनुगमनका लागि ईन्जिनियर श्री मधुसुदन के.सी. र नगर प्रहरी हवल्दार हरेराम के.सी. लाई जिम्मेवारी तोक्ने ।

*गोकर्णेश्वर नगरपालिकाको मिति २०८०/१०/१९ गतेको बिसौं कार्यपालिका बैठकको निर्णय*

निर्णय नं. ८: यस नगरपालिकाको आन्तरिक श्रोतबाट गर्ने गरी ठेक्का लगाई संचालन गरिएको वडा नं १ गराडोल स्थित करिव ३२ रोपनी जग्गाको गराडोल खेलकुद मैदान योजना हालको आर्थिक मन्दिका कारण पूर्ण गर्न नसकिएको हुनाले काठमाडौं उपत्यका भरीको खेलकुदहरु र अन्तराष्ट्रिय खेलकुलाई टेवा पुग्ने DPR भएको (गराडोल खेलकुद मैदान ल.ई. रू. २५,४६,८०,८७६/८५) उक्त योजनालाई राष्ट्रिय योजना आयोगको बहुबार्षिक कार्यक्रममा पारी योजना संचालन तथा कार्यान्वयनको व्यवस्था मिलाई दिन श्री युवा तथा खेलकुद मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.९: यस नगरपालिकाको वडा नं.१ नयाँपाटी देखि आशादिप, गराडोल र रामजानकी आधारभूत विद्यालय हुँदै वी.पी. संग्राहलय सम्म जाने रक्तकाली मार्ग सडक यस नगरपालिकाको अति महत्वपूर्ण सडक भएकोले उक्त सडकमा वाल निर्माण सहित कालोपत्रे गर्ने कार्यका लागि आवश्यक बजेट रु.३,००,००,०००/- (रु.तिन करोड मात्र) व्यवस्थापन गरीदिई योजना संचालन तथा कार्यान्वयनको व्यवस्था मिलाई दिन श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.१०: यस नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि,२०७५ को दोश्रो संशोधन देहाय बमोजिम गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो ।

"घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि,२०७५ को दफा २ संग सम्बन्धित अनुसूची-५ को ३ मेशिन र उपकरणमा सम्बन्धमा संशोधन गरी तपशिल बमोजिम कायम गर्ने ।

१. ट्रिपर/ट्याक्टर (एक/एक थान) आफ्नो नामको वा कम्तीमा एक वर्ष सम्म भाडामा लिएको प्रमाणित कागजात पेश भएमा मान्य हुनेछ ।

२. मिक्सर (एक थान)

३.Theodolite/ Level Machine (एक सेट)

४.वाटर पम्प (तीन थान)

५.भाइव्रेटर (तीन थान)